# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -४ ,संख्या ,१-भाद्र २० गते ,२०७९ साल**

# भाग २ -

## इस्मा गाउँपालिका

## “महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०७९”

**प्रस्तावना:**

नेपाल संविधानले स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति,२०७६ को बुँदा नं ६ मा स्वयम् सेवाको अवधारणालाई विकास गर्दै सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाको परिचालन तथा व्यबस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। इस्मा गाउँपालिका क्षेत्रमा मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवासुविधा प्रदान गर्न आवश्यक देखिएकोले इस्मा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्न) बनेको ऐन

२०७५ को ३ र ४ दफा ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "महिला स्वास्थ्य संवयमसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि २०७९" रहनेछ।

(२) यो कार्यविधि इस्मा गाउँपालिका गाउँ कार्यपालिका बैठकले पारित गरेपछि लागू हुनेछ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले "महिला स्वास्थ्य स्वयंमसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०७९" सम्झनु पर्दछ।

ख. "छनौट" भन्नाले पहिलो पटक वा पून तोकिएको प्रक्रिया र विधि पुरा गरि छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ।

ग. "बिदाई" भन्नाले महिला स्वास्थ्य स्वयंमसेविकाको रुपमा स्वयंसेवी भावना एंव मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ।

घ. "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुस्वयंसेवी महिलालाई जनाउँछ। साथैँ यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## स्वयमसेविका छनौट तथा बिदाई एवं सेवा रद्द सम्बन्धी व्यवस्था

### ३. स्वयंसेविका छनौटः

(१) स्वयंसेविकाको छनौट संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिकाको देहायको प्राबधान बमोजिम हुनेछः

क. तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,

ख. कम्तीमा ५ वर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपर्ने,

ग. समाज सेवा गर्न ईच्छा भएको,

घ. २५ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको,

ङ. राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,

च. कुनै पनि लाभको पदमा बहाल नरहेको,

छ. कम्तीमा SLC वा SEE उत्तीर्ण गरेको,

(२) लोपोन्मुख, आदिवासी र दलित वर्गलाई प्राथमिकता दिईने।

## ४. स्वयंमसेविकाको बिदाईः

(१) दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछः

क. राजीनामा दिएमा,

ख. ५० वर्ष उमेर पूरा भएमा,

ग. स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी बिदाई लिएमा,

घ. प्रत्येक पाँच वर्षमा आमा समूहबाट पूनः छनौट नभएमा,

ङ. राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ती वा मनोनयन लिएमा,

च. तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि बसोबास गरेको अवस्था रहेमा।

## ५. स्वयंसेविकाको सेवा रद्ध गरिनेः

(१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्ध गरिनेछ:

क. स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाइएमा,

ख. भ्रष्टाचार, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

ग. जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ती लिई सेवा सुविधा वा तलब स्केल रहेको पाइएमा।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सूचना ३ महिना लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ।

# परिच्छेद-३

# सेवा सुविधा सम्बन्धी व्यवस्था

## ६. सेवा तथा सुविधाः

(१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुविधा दाबी गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूची-१ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ। सेवा सुविधा बैंक मार्फत उपलब्ध गराईनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ५ बमोजिम सेवा रद्ध भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन।

## परिच्छेद ५
## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको काम र कर्तव्य

१. स्वास्थ्य आमासमूहको नियमित बैठक राख्न समूहको अध्यक्षलाई सहयोग गर्ने यसरी बैठक बोलाउ ँदा सबै सदस्यहरुलाई समेट्ने हिसाबले भौगोलिक क्षेत्रलाई पनि मध्यनजर गरि पालैपालो विभिन्न ठाउँमा बैठक राख्नुपर्नेछ।

२. महिला सामुदायिक स्वास्थ्य स्वयंसविकाहरुले स्वास्थ्य आमासमूहको माध्यमद्वारा समुदायका घरघरमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धि गर्ने तथा स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउन सूचना प्रवाह गर्नेछन्।

३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले परिवार नियोजन सुरक्षित मातृत्व, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य,नवजात शिशु स्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा तथा महामारी रोगहरु, श्वासप्रश्वास तथा झाडापखाला रोगथाम तथा नियन्त्रण, मानसिक स्वास्थ्य समस्या तथा नसर्ने रोगहरु रोगथाम तथा वातावरणीय सरसफाई, विपद् व्यवस्थापन, आर्युवेद आदि विषयहरुमा स्वास्थ्य शिक्षा दिनेछन् । यसका अलवा राष्ट्रिय प्रादेशिक तथा स्थानीय स्वास्थ्य अभियानमा सहयोग गर्नुका साथै स्थानीय तह द्वारा तोकिए बमोजिम काम गर्नेछन्।

४. महिला स्वास्थ्य स्वयंसेविकाहरुले आफुले गरेको मासिक तथा वार्षिक कार्यको विवरण स्वास्थ्य आमासमूह तथा स्थानीय स्वास्थ्य संस्थालाई तोकिएको ढाँचा तथा अवधिमा जानकारी गराउनेछन्।

५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले हजारदिनका आमा भएका घरपरिवारको सामाजिक नक्साङकन गर्नेछन् । साथै सरकारले विशेष स्वास्थ्य अभियानहरु सञ्चालन गर्दा आवश्यकता अनुसार घरधुरी भ्रमण गर्नेछन् र परामर्श तथा स्वास्थ्य सेवा प्रदान गर्नेछन्।

६. आवश्यकता अनुसार सेवाको उपयोगमा वृद्धि गर्नको लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नेछन्।

७. स्वास्थ्य सम्बन्धी स्थानीय स्तरमा भएका जोखिमहरु पहिचान गरी त्यसको न्यूनिकरणमा सहयोग गर्नेछन् । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु आफ्नो आचारसंहिताको दायरामा रहनेछन्।

## परिच्छेद ५
## विविध

**७. अन्य छुट विषय सम्बन्धीः** यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयका सम्बन्धमा इस्मा गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ।

**८. संशोधन तथा खारेजीः** इस्मा गाउँपालिका गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ।

अनुसूची-१

दफा ६ (२) सँग सम्बन्धित

**स्वयंसेविकाले पाउने सुविधा**

| सि. नं. | क्रियाकलाप | वर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयंसेवा सम्मान बिदाई खर्च | २० वर्षभन्दा बढी अवधि सेवा गरेको | २५,०००।- | |
| | | २० वर्षभन्दा कम अवधि सेवा गरेको | १५,०००।- | |
| २ | मासिक बैठक एंव खोप कार्यक्रम लगायतको लागि यातायात खर्च | प्रति महिना | १,०००।- | |
| ३ | मासिक बैठक खाजा | प्रति दिन | १००।- | |